(२०४५ दे. कार्यविवरण)

# ग्रामीण स्वास्थ्य कार्यकर्ताको कार्यविवरण

| | |
|---|---|
| पद : | ग्रामीण स्वास्थ्य कार्यकर्ता |
| श्रेणी : | रा.प.अ. तृतीय प्रा. |
| सेवा : | स्वास्थ्य |
| समूह : | हेल्थ इन्स्पेक्सन |
| न्यूनतम शैक्षिक योग्यता : | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयको तालीमको प्रामाणपत्र प्राप्त |
| उत्तरदायित्व: | उप स्वास्थ्य चौकी प्रमुख |
| सुपरिवेक्षक: | अ.हे.व/अ.न.मि. |
| सम्वन्ध: | मातृ शिशु कार्यकर्ता, महिला स्वास्थ्य सेविका/सुडेनी गाउं बिकास समिति पदाधिकारी, गाउंघर क्लिनिक व्यवस्थापन समिति । |
| प्रत्यक्ष सुपरिवेक्षण गर्नुपर्ने कर्मचारी: | |

ग्रामीण स्वास्थ्य कार्यकर्ताले आफनो कार्य क्षेत्र भित्र प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा गाउघर क्लिनिक, खोप क्लिनिक तथा आवश्यकता अनुसार प्रत्यक्ष जनसम्पर्कको माध्यमबाट निम्न कार्यहरु गर्नेछन् ।

१. <u>कार्य तालिका तयार पार्ने:</u>
- खोप कार्यक्रम, गांउघर क्लिनिक, महिला स्वास्थ्य स्वयंसेविका, सुडेनीसंग भेटघाट, आमा समूहको बैठक फलोअप सेवाको अग्रिम फिल्ड कार्यतालिका तयार गर्ने ।

२. सूचना संकलन
- महिला स्वास्थ्य स्वंय सेविका, सुडेनीहरु तथा स्थानिय पदाधिकारीसंग सम्पर्क राखी प्रत्येक महिनाको जन्म, मृत्यु, विवाह, बसाई सराईको लगत दुरुस्त राख्ने ।

३. <u>सुरक्षित मातृत्व सेवा:</u>
- गर्भवती महिलाहरुलाई नियमित स्वास्थ्य परीक्षण गर्नको लागि स्टाफ नर्स, अ.न.मी, मा.शि.का.र सुडेनी समक्ष अवस्था अनुसार रेफर गर्ने ।
- सुरक्षित मातृत्व सेवा कार्यक्रम संचालन गर्न मा.शि.का./अ.न.मि./स्टाफ नर्स लाई सघाउ पु-याउने ।

४. <u>परिवार नियोजन सेवा:</u>
- परिवार नियोजन सेवा आवश्यक पर्ने दम्पतिहरुको पहिचान गरी लगत तयार पार्ने ।
- प.नि.सेवा आवश्यक पर्ने दम्पतिहरुलाई परामर्श सेवा प्रदान गरी उपयुक्त साधनको छनौट गर्न मद्धत गर्ने ।
- डि.पो., पिल्स तथा ढालको सेवा उपलब्ध गराउने ।
- महिला स्वास्थ्य स्वंयम सेविका तथा सुडेनीलाई बितरण गर्नको लागि आवश्यक पर्ने ढाल उपलब्ध गराउने ।

- परिवार नियोजनको साधन प्रयोग गरी गभीर असर परेकालाई उपयुक्त ठाउंमा रेफर गर्ने ।
- नरप्लान्ट, आई.यु.डी.वा बन्ध्याकरण सेवा लिन चाहने इच्छुक व्यक्तिहरुलाई आवश्यक जानकारी समेत गराई उपयुक्त स्थानमा रेफर गर्ने ।
- प.नि.सेवा लिइरहेका व्यक्तिहरुलाई आवश्यकता अनुसार फलोअप तथा परामर्श गर्ने ।
- बाँझोपनको उपचार गर्न तथा रिक्यानेलाईजेशन गर्न चाहने दम्पतिहरुलाई आवश्यक जानकारी सहित उपयुक्त ठाउंमा रेफर गर्ने ।
- बन्ध्याकरण शिविरमा सहयोग पु-याउने ।

५. यौन संसर्गजन्य रोग तथा एच.आई.भी.एड्स:
- यौन संसर्गजन्य रोग तथा एच.आई.भी/एड्सबाट हुने हानी नोक्सानी र गंभीर असर र यसका रोकथामका उपायबारे समुदायमा जानकारी दिने ।

६. खोप सेवा:
- खोपाउनु पर्ने महिला र बच्चाहरुको लगत राख्ने ।
- खोप केन्द्रको स्थापना तथा सबै खोप केन्द्रमा खोपाउने गते र समय उल्लेख गरी सूचना बोर्ड राख्ने ।
- खोपबाट सुरक्षित गर्न सकिने ६ वटा लक्षित रोग बारे जन समुदायमा जानकारी गराउने ।
- खोप केन्द्र र खोपाउने मिति र समय बारे महिला स्वास्थ्य स्वंय सेबिका, सुडेनी, शिक्षक, विधार्थी परिचालन गरी समुदायमा जानकारी गराउने ।
- खोप कार्यक्रमको लागि आवश्यक पर्ने औजारहरु, स्टिम स्टेरीलाइजर, निडिल, सिरिंज, फोरसेप आदि र भ्याक्सिन स्वास्थ्य चौकी मार्फत उपलब्ध गर्ने ।
- खोप कार्यक्रममा आवश्यक पर्ने कोल्डचेन र निर्मलीकरणको गुणस्तर कायम राखी खोप सेवा प्रदान गर्ने ।
- पुरा खोप नलगाएकालाई खोजी गरी समयमै पुरा मात्रामा खोप लगाउन लगाउने ।
- पोलियो रोग उन्मूलन जस्ता राष्ट्रिय कार्यक्रमहरु संचालन गर्ने ।
- सबै बालबालिका तथा महिलाहरुलाई खोप दिएको रेकर्ड राख्ने र कार्ड वितरण गर्ने ।

७. पोषण सेवा:
- कुपोषणबाट हुने हानी नोक्सानी र यसबाट बच्ने उपायहरु बारे समुदायमा जानकारी गराउने ।
- तीन बर्ष मुनिका बालबालिकाहरुको बालबृद्धि अनुगमन गर्ने र बच्चाको वृद्धि अनुसार आमालाई सरसल्लाह दिने ।
- समुदायमा रतन्धोको रोकथाम गर्न भिटामिन "ए" क्याप्सुल आवश्यकता अनुसार वितरण गर्ने ।
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई रक्त अल्पताको रोकथाम गर्न आइरन चक्की वितरण गर्ने ।

- समुदायमा आयोडिनको कमिवाट उत्पन्न हुने समस्यालाई रोकथाम गर्न आयोडिनयुक्त नून खान सल्लाह दिने ।
- पांच बर्ष मुनिका बच्चा तथा गर्भवति र सुत्केरी महिलाहरुलाई थप पोषिलो खोनेकुराको आवश्यकतावारे जानकारी दिने ।
- करेसावारीको प्रवर्धनको लागि समुदायमा प्रचार प्रसार गर्ने ।
- कडा कुपोषण भएका बच्चाहरु लाई स्वास्थ्य चौकीमा रेफर गर्ने ।

८. झाडापखाला रोग नियन्त्रण:

- झाडा पखालावाट हुने हानी नोक्सानी र यसको रोकथाम वारे समुदायलाई जानकारी गराउने ।
- जलवियोजनको लेखा जोखा गरी जलवियोजन भएका विरामीहरुलाई पुनर्जलिय उपचार गर्ने ।
- कडा जलवियोजन भएका रोगीहरुलाई स्वास्थ्य चौकीमा रेफर गर्ने ।
- आमालाई घरमै पुनर्जलिय उपचार गर्ने तरीकावारे जानकारी दिने ।
- म.स्वा.स्वं.सेविकालाई नियमित जीवनजल आपूर्ति गर्ने ।

९. आकस्मिक श्वास प्रश्वास रोग नियन्त्रण:

- समुदायमा आकस्मिक श्वास प्रश्वास रोगवाट हुने हानी नोक्सानी र यसका रोकथाम वारे जानकारी दिने ।
- रुघा खोकी निमोनिया भएका बच्चाहरुको घरेलु उपचार वारे आमाहरुलाई स्वास्थ्य शिक्षा दिने ।
- निमोनिया भएका वच्चाहरुलाई पहिचान गरी स्वास्थ्य चौकीमा रेफर गर्ने ।

१०. औलो तथा कालाजार नियन्त्रण:

- गांउघर क्लिनिक तथा जन सर्म्पकको समयमा ज्वरो आएका मानिसहरुको रक्त नमूना संकलन गरी औलो उपचार निर्देशिका अनुसार औषधी दिने ।
- औलो तथा कालाजारवाट वच्न समुदायमा स्वास्थ्य शिक्षा दिने ।
- शंकास्पद कालाजार रोगी तथा फेल्सीपेरम औलो रोगीलाई स्वास्थ्य चौकीमा रेफर गर्ने ।

११. कुष्ठ रोग नियन्त्रण:

- शंकास्पद कुष्ठरोगीलाई स्वास्थ्य चौकीमा रेफर गर्ने ।
- उपचारमा रहेका विरामीहरुको नियमित औषधी खाए नखाएको एकिन गर्न फलोअप गर्ने ।
- डिफल्टर भएका रोगीहरुको खोजी गरी पुन: उपचारमा ल्याउन सहयोग गर्ने ।

१२. क्षयरोग नियन्त्रण:

- शंकास्पद क्षयरोगीलाई खकार जचाउंन स्वास्थ्य चौकीमा जान सल्लाह दिने
- रोग ठहर भई उपचारमा रहेका विरामीको नियमित अनुगमन गर्ने र नियमित औषधी सेवन तथा उपचारमा जोड दिने ।
- डिफल्टर भएका रोगीहरु पत्ता लगाई पुन: उपचारमा ल्याउन मद्धत गर्ने ।
- क्षयरोगका गंभीर असर र यसको रोकथाम वारे समुदायमा प्रचार प्रसार गर्ने।

१३. माहामारी नियन्त्रण:

- समुदायमा कुनै माहामारी फैलिएमा तुरुन्त आफनो स्वास्थ्य संस्थामा जानकारी गराउने ।
- आफनो तहवाट गर्न सकिने रोकथामका उपायहरु तुरुन्त गर्ने र यस्ता उपायवारे समुदायलाई तुरुन्त जानकारी गराई रोकथामका उपायहरु अपनाउन लगाउने ।

१४. प्राथमिक उपचार सेवा:

- सामान्य चोटपटक, घाउ, खटिरा, लुतो, आंखा पाक्ने, जुका आदिको प्राथमिकउपचार गर्ने ।

१५. स्वास्थ्य शिक्षा:

- समुदायमा सुरक्षित पिउने पानी, सुरक्षित चर्पी, धुवां रहित चुलो, फोहर मैलाको उचित विसर्जन आदिवारे स्वास्थ्य शिक्षा दिने ।
- समुदायका व्यक्ति परिवारलाई व्यक्तिगत सरसफाईवारे स्वास्थ्य शिक्षा दिने ।
- दांतको हेरचाह गर्ने, गुलिया वस्तु खाएपछि दांत माझ्ने वा राम्रोसंग कुल्ला गर्ने वारे समुदायमा स्वास्थ्य शिक्षा दिने ।
- नव युवाहरुलाई प्रजनन् स्वास्थ्य सम्वन्धि स्वास्थ्य शिक्षा दिने ।
- रेडियोवाट प्रसारण हुने स्वास्थ्य तथा परिवार नियोजन कार्यक्रम सुन्न र प्रतिकिया व्यक्त गर्न महिला स्वास्थ्य स्वयं सेविका, आमा समुहका सदस्य लगायत समुदायका मानिसहरुलाई प्रोत्साहित गर्ने ।
- गा.वि.स.का. पदाधिकारीहरुको विभिन्न स्वास्थ्य कार्यकम सम्वन्धि. परिचयात्मक गोष्ठीमा सहभागी भई सहयोग गर्ने ।
- आफनो गा.वि.स.मा संचालन हुने विभिन्न मेला चाड पर्वमा स्वास्थ्य सम्वन्धि प्रचार प्रसार गर्ने ।
- स्वास्थ्य सम्वन्धि पम्पलेट, पोष्टर, पुस्तिका समुदायमा वितरण गर्ने ।
- परिवारको समुचित स्वास्थ्य सुधारको लागि लैगिंक भेदभाव हटाउन जन चेतना जगाउने ।

१६. गांउघर क्लिनिक संचालन:

- गांउघर क्लिनिक व्यवस्थापन समितिको सदस्य सचिवको हैशियतले कार्य गर्ने ।
- व्यवस्थापन समितिको नियमित वैठक संचालन सहयोग पु-याउने ।
- क्लिनिक व्यवस्थापन समितिलाई क्लिनिकको खर्चको हरहिसाव राख्ने कार्यमा सहयोग पु-याउने ।

- क्लिनिक व्यवस्थापन समितिलाई गांउघर क्लिनिकको लागि आवश्यक पर्ने औषधि आपूर्तिको लागि किन्नु पर्ने औषधिको विवरण उपलब्ध गराउने ।
- गांउघर क्लिनिकबाट सुरक्षित मातृत्व, परिवार नियोजन परामर्श सेवा लगायत अन्य निर्धारित सेवाहरु नियमित रुपमा प्रदान गर्ने ।

१७. महिला स्वास्थ्य स्वयं सेविका / सुडेनी कार्यक्रम:

- मातृ शिशु कार्यकर्ता संग कामको बाडफांड गरि प्रत्येक महिनामा महिला स्वास्थ्य स्वयं सेविकालाई भेट गरी उनलाई काम गर्दा आई परेका समस्या बारे छलफल गरी सघाउ पु-याउने, सेविकाले गरेको कामहरुको विवरण रजिष्टरमा अद्यावधिक गरि सो को टिपोट विवरण मासिक प्रतिवेदनमा समावेश गर्ने, र जिवन जल, कण्डम लगायत अरु मालसामान उपलब्ध गराउने ।
- आमा समूहको प्रत्येक बैठकमा भाग लिने ।
- स्वास्थ्य चौकीमा हुने महिला स्वास्थ्य सेविकाको अर्धबार्षिक रिफ्रेशर तालीम (समीक्षा बैठक) मा भाग लिने ।
- जनसंख्याको आधारमा आमा समूहको गठन म.स्वा.स्वं.से.को छनौट कार्यमा सघाउ पु-याउने तथा म.स्वा.स्वं.से.को तालीममा सहयोग गर्ने ।
- गा.वि.स. स्तरिय संयोजक महिला स्वास्थ्य स्वयम सेविकालाई कार्यक्रम संचालन गर्नमा मद्दत पु-याउने ।
- सुडेनीले गरेका कार्यहरुको टिपोट गरी माशिक प्रतिवेदनमा समावेश गर्ने ।

१८. अभिलेख तथा प्रतिबेदन:

- आफुले दिएका सम्पूर्ण सेवाको विवरण व्यवस्थापन सूचना प्रणालीले निश्चित गरेको ढांचामा अभिलेख राखी तोकिएको मितिमा प्रतिवेदन दिने ।
- महिला स्वास्थ्य स्वयं सेविका, सुडेनीहरु तथा स्थानिय पदाधिकारीसंग सम्पर्क राखी प्रत्येक महिनाको जन्म, मृत्यु विवाह, बसाई सराईको लगत दुरुस्त राख्ने।

१९. सुपरिवेक्षकले लगाए अह्राएको अन्य काम गर्ने ।

# मातृ शिशु कार्यकर्ताको कार्यविवरण

| | |
|---|---|
| पद: | मातृ शिशु कार्यकर्ता |
| श्रेणी: | रा.प.अं.तृ. (प्रा.) |
| सेवा: | स्वास्थ्य |
| समूह: | |
| न्यूनतम शैक्षिक योग्यता: | मान्यता प्राप्त शिक्षण संस्थावाट मा.शि.स्वा. कार्यकर्ताको तालीम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थावाट अष्टम कक्षा वा सो सरह उत्तीर्ण गरी ग्रा.स्वा.का.को तालीम प्राप्त । |
| उत्तर दायित्व: | उप स्वास्थ्य चौकी प्रमुख |
| सुपरिवेक्षक : | उप स्वास्थ्य चौकीको अ.हे.व. |
| | प्रा.स्वा.के. / स्वास्थ्य चौकीको अ.न.मि. |
| सम्वन्ध: | ग्रा.स्वा.का, म.स्वा.से., सुडेनी अन्य स्वास्थ्य संघ संस्थाहरु |
| सुपरिवेक्षण गर्नुपर्ने कर्मचारी: | |

मा.शि.का.ले आफनो कार्य क्षेत्र भित्र प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा गांउघर क्लिनिक, खोप क्लिनिक तथा आवश्यकता अनुसार प्रत्यक्ष जन सम्पर्कको माध्यमवाट निम्न कार्यहरु गर्नेछन्:

१. कार्य तालीका वनाउने:
- स्वास्थ्य संस्था प्रमुख तथा ग्रामीण स्वास्थ्य कार्यकर्ता संग छलफल गरी गांउघर क्लिनिक, खोप क्लिनिक, आमा समुहको वैठक, सुडेनी संगको भेटघाट, फलोआप र उप स्वास्थ्य चौकीमा वसी काम गर्ने विस्तृत मासिक कार्य तालीका तयार पार्ने ।

२. परिवार नियोजन
- परिवार नियोजनवाट आमा र शिशुलाई हुने स्वास्थ्य लाभवारे व्यापक प्रचार प्रसार गर्ने ।
- महिलाहरुलाई परिवार नियोजनको परामर्श सेवा दिने ।
- गांउघर क्लिनीक तथा उप स्वास्थ्य चौकीवाट डिपो, पिल्स सेवा प्रदान गर्ने ।
- डिपो र पिल्स प्रयोग गर्नेहरुको नियमानुसार फलो अप गर्ने ।

३. सुरक्षित मातृत्व

पूर्व प्रशुति सेवा
- आफनो क्षेत्र भित्रका सम्पूर्ण गर्भवति महिलाहरु संग सम्पर्क राखी, पहिलो पटक परीक्षण गरी अभिलेख राख्ने/ दोश्रो तेश्रो र चौथो पटक जचाउन आउनु पर्ने ठाउ समेत वताउने ।
- उप स्वास्थ्य चौकी, गाउघर क्लिनीक र खोप क्लिनीकमा आएका महिलाहरुको निर्देशिका अनुसार परीक्षण गरी सेवा प्रदान गर्ने ।

- घरमै सुरक्षित तवरले सुत्केरी गराउनको लागि आवश्यक तयार गराउने ।
- उच्च खतरा अथवा अरु समस्या देखिएको गर्भिणी महिलाहरुलाई अ.न.मि. भएको स्वास्थ्य संस्थामा रेफर गर्ने ।
- प्रत्येक गर्भिणी महिलाको कम्तिमा ४ पटक परिक्षणको लागी म.स्वा.स्वं.से, सुडेनी तथा आमा समुहका समुदायद्वारा फलोअप गराउने ।

ख) पूर्व प्रसूति सेवा

- सामान्य गर्भवतिलाई घरैमा प्रसूति सेवा दिने ।
- प्रसूति गराउदा कुनै असामान्य अवस्था देखिएमा वा शंका लागेमा प्राथमिक उपचारको व्यवस्था गरी तरुन्त स्वास्थ्य चौकी, प्रथमिक स्वास्थ्य केन्द्र अथवा अस्पतालमा रेफर गर्ने ।
- नवजात शिशुको शारिरीक परिक्षण गर्ने र सुरक्षित तवरले नाभी काट्ने बाध्ने, यदि जटिल स्थिति आएमा रेफर गर्ने ।
- सुरक्षित तरिकाले साल निकाल्ने तथा पछि हुन सक्ने जटिलतालाई समयमै पत्ता लगाई समाधान गर्ने, नसकिने भएमा रेफर गर्ने ।

उत्तर प्रसुति सेवा

- बच्चा र आमाको अवस्था हेरी विशेष स्याहारको परामर्श दिने र कुनै समस्या देखिएमा निर्देशिका अनुसार उपचार गर्ने ।

४. खोप सेवा

- खोप कार्यक्रम प्रभावकारी ढंगबाट संचालन गर्न ग्रा.स्वा.का. लाई सहयोग गर्ने र निजको अनुपस्थितिमा खोप कार्यक्रम संचालन गर्ने ।

५. पोषण

- उपस्वास्थ्य चौकी तथा गांउघर क्लिनीकमा ग्रोथ मनिटरिङ सेवा संचालन गरी आवश्यक सल्लाह र सेवा प्रदान गर्ने ।

६. झाडा पखाला नियन्त्रण, आकस्मिक श्वास प्रश्वास नियन्त्रण, औलो कालाजार नियन्त्रण, कुष्ठरोग नियन्त्रण, क्षयरोग नियन्त्रण, महामारी नियन्त्रण, जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न ग्रा.स्वा.का.लाई सहयोग गर्ने ।

७. स्वास्थ्य शिक्षा

- उप स्वास्थ्य चौकी, गाउंघर क्लिनीक, खोप क्लिनीक, आमा समुहको बैठक र जन सम्पर्कको मौकामा सुरक्षित मातृत्व, परिवार नियोजन, यौन रोग, एच.आई.भि./ एड्स, नव युवतीका स्वास्थ्य समस्या, लैंगिक भेदभाव, बाल स्वास्थ्य आदि विषयमा स्वास्थ्य शिक्षा दिने ।

८. गाउंघर क्लिनीक कार्यक्रम

- ग्रा.स्वा.का. संग संयुक्त रुपमा गाउंघर क्लिनीक सेवा संचालन गर्ने ।

९. <u>महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम</u>

- ग्रामिण स्वास्थ्य कार्यकर्ता सग कामको वाडफांड गरि प्रत्येक महिनामा महिला स्वास्थ्य स्वयं सेविकालाई भेट गर्ने ।
- म.स्वा.स्वयं.सेविकालाई काम गर्दा आई परेका समस्या वारे छलफल गरी सघाउ पु-याउने ।
- सेविकाले गरेको कामहरुको बिवरण रजिष्टरमा अद्यावधि गरि सो को टिपोट गरि ल्याउने र मासिक प्रतिवेदन समावेश गर्ने ।
- म.स्वा.स्वं.से.लाई जिवन जल, कण्डम लगायत अरु मालसामान उपलब्ध गराउने।

१०. <u>सुडेनी कार्यक्रम</u>

- प्रत्येक महिना सुडेनी संग भेटघाट गरी उनलाई काम गर्दा आइपरेका समस्या र तिनको समाधानको विषयमा छलफल गर्ने ।
- सुडेनीले गरेका कार्यहरुको टिपोट गरी माशिक प्रतिवेदनमा समावेश गर्ने ।
- सुडेनीको छनौटमा सहयोग पु¦याउने तथा सुडेनीहरुको तालीममा सहयोग गर्ने ।

११. अभिलेख / प्रतिवेदन

- आफूले गरेका सम्पूर्ण कार्यको व्यवस्थापन सूचना प्रणालीले तोकेको ढांचामा अभिलेख राख्ने र प्रतिवेदन गर्ने ।

१२. अन्य लगाए / अह्राएको तथा परिआएका कार्यहरु गर्ने ।